नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभाग

राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा

# हकदावी पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२।०८।०४)

राजस्व चुहावटको कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि यस कार्यालयमा पेश हुन आएको देहायको मालवस्तु कोही कसैको भएमा प्रमाण पुग्ने कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा हकदावी पेश गर्नहुन राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३१ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त मालवस्तु उपर कोही कसैको हकदावी नपरे कानुन बमोजिम भै जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

| क.सं. | मालवस्तुको विवरण |
|---|---|
| १ | सूचना दर्ता नम्बरः ४७८/०८१/८२<br>मालवस्तुको विवरणः चाँदी (भारतीय नम्बर BR30F0117 उल्लेख भएको मोटरसाइकलबाट बरामद)<br>परिमाणः ३.१२५ के.जी.<br>मालवस्तु फेला परेको स्थानः महोत्तरी जिल्लाको सोनामा गा.पा. वडा नं. ३, रघुनाथपुर |
| २ | सूचना दर्ता नम्बरः ६०७/०८२/८३<br>मालवस्तुको विवरणः सुन (सिक्री १६.९०० ग्राम र ब्रास्लेट १९.७९० ग्राम)<br>परिमाणः ३६.६९ ग्राम<br>मालवस्तु फेला परेको स्थानः महोत्तरी जिल्लाको बर्दिबास न.पा. वडा नं. १४ मा रहेको ऋषि ज्वेलर्स नामको पसलमा नामथर/वतन एकिन नभएको व्यक्तिले सिक्री र ब्रास्लेट बिक्री गर्न आएकोमा बिलबीजक माग गर्दा बिलबीजक ल्याउन भनी गएको र फर्की नआएको। |